श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मन्त्रीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४९ को दफा ४ को उपदफा (१), दफा ५, दफा ७ को उपदफा (१) को खण्ड (ख)को उपखण्ड (६), दफा १२ को उपदफा (३), दफा १३ को उपदफा (१), दफा १४ र दफा १५ को प्रयोजनको लागि माननीय मन्त्रीहरूलाई देहाय बमोजिमको सुविधा दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. आवास सुविधाः–

काठमाडौं उपत्यकामा उपयुक्त घर नभएका मन्त्रीहरूलाई घर भाडा वापत प्रतिमास मन्त्री र राज्यमन्त्रीतर्फ रू. ७०००।– र सहायक मन्त्रीलाई रू. ६०००।– मा नबढ्ने गरी दिइनेछ ।

२. टेलिफोन सुविधाः–

प्रधानमन्त्री, परराष्ट्र, गृह, अर्थ सम्बन्धी मन्त्रीलाई सरकारी काममा विदेशमा गरेको टेलिफोन महशूल समेत दिइनेछ ।

३. कर्मचारीलाई भ्रमणमा लैजाने सम्बन्धमाः–

भ्रमणमा जाँदा मन्त्रीहरूले एक पटकमा अंगरक्षक सहित निजी सचिवालयका बढीमा तीनजनासम्म कर्मचारीलाई साथमा लैजान सक्नेछन् ।

४. उपचार खर्चः–

(क) मन्त्रीहरूले विदेशमा गएर उपचार गराउन परेमा मेडिकल बोर्डको सिफारिशमा अस्पतालको बिल बमोजिमको खर्च दिइने छ । तर त्यस्तो रकम एक वर्षको पारिश्रमिकभन्दा बढी हुने छैन ।

(ख) खण्ड (क)मा उल्लेख गरेको खर्चको अतिरिक्त आने-जाने २ जनासम्मलाई लाग्ने भ्रमण खर्च दिइनेछ ।

(ग) खण्ड (क) मा उल्लेख गरिएको एक वर्षको पारिश्रमिक भन्दा बढी खर्च लागेमा सो खर्चको ५० प्रतिशतसम्म रकम श्री ५ को सरकारले प्रदान गर्न सक्नेछ । तर यस्तो रकम पनि एक वर्षको पारिश्रमिकभन्दा बढी हुने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
322

५. निजी सचिवालयको व्यवस्थाः–

(१) देहायका मन्त्रीहरूले आफ्नो कार्यकालभरको लागि निजी सचिवालयको निमित्त देहाय बमोजिमका कर्मचारीहरू आफैले नियुक्ति गर्न पाउने छन्ः–

(क) प्रधानमन्त्रीः–

| | |
|---|---|
| १. स्वकीय सचिव (रा. प. विशिष्ट) | एक |
| २. स्वकीय सह-सचिव (रा. प. प्रथम) | एक |
| ३. स्वकीय उपसचिव (रा. प. द्वितीय) | एक |
| ४. शाखा अधिकृत (रा. प. तृतीय) | एक |
| ५. कम्प्यूटर सहायक (रा. प. तृतीय प्रा.) | एक |
| ६. टा. ना. सु. | एक |
| ७. ड्राइभर (रा. प. अ. द्वितीय प्रा.) | तीन |
| ८. पियन | तीन |

(ख) उपप्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीः–

| | |
|---|---|
| १. स्वकीय सचिव (रा. प. द्वितीय) | एक |
| २. स्वकीय सहायक (रा. प. तृतीय) | एक |
| ३. टा. ना. सु. | एक |
| ४. ड्राइभर (रा. प. अ. द्वितीय प्रा.) | दुई |
| ५. पियन | दुई |

(ग) सहायकमन्त्रीः–

| | |
|---|---|
| १. स्वकीय सचिव (रा. प. द्वितीय) | एक |
| २. टा. ना. सु. | एक |
| ३. ड्राइभर | एक |
| ४. पियन | दुई |

(२) उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीले कार्यालयको लागि निम्न बमोजिम कर्मचारी श्री ५ को सरकारको सेवाबाट काजमा लिन पाउने छन् । कार्यालयको लागि सम्बन्धित मन्त्रालयले आवश्यक अफिस सामान, अतिथि सत्कार तथा मसलन्दको समेत व्यवस्था गर्नेछः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३२९

(क) उपप्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीः–

| | |
|---|---|
| १. निजी सचिव– रा. प. प्रथम श्रेणी वा एक श्रेणी मुनीको र राज्यमन्त्रीको लागि रा. प. द्वितीय | एक |
| २. शाखा अधिकृत (रा. प. तृतीय) | एक |
| ३. कम्प्यूटर सहायक रा. प. अ. प्रथम प्रा. वा टा. ना. सु. | एक |
| ४. ना. सु. वा खरिदार | एक |
| ५. पियन | दुई |

(ख) सहायकमन्त्रीः–

| | |
|---|---|
| १. निजी सचिव (रा. प. द्वितीय) | एक |
| २. शाखा अधिकृत (आवश्यक भएमा मात्र) | एक |
| ३. टा. ना. सु. | एक |
| ४. पियन | दुई |

(३) देहायका मन्त्रीहरूलाई आफ्नो कार्यकालभरको लागि निजी सचिवालयको निमित्त आवश्यक फर्निचर तथा देहाय बमोजिमका मालसामानहरू र रकम उपलब्ध गराइनेछः–

(क) प्रधानमन्त्रीः–

| | |
|---|---|
| १. देवनागरी टाईपराइटर– | एक थान |
| २. अंग्रेजी टाईपराइटर– | एक थान |
| ३. कम्प्यूटर– | एक थान |
| ४. फ्याक्स– | एक थान |
| ५. साइकल– | दुई थान |
| ६. मसलन्द तथा अतिथि सत्कारको लागि मासिक पाँचहजार रूपैयाँ। | |

(ख) उपप्रधानमन्त्रीः–

| | |
|---|---|
| १. देवनागरी टाईपराइटर– | एक थान |
| २. अंग्रेजी टाईपराइटर | एक थान |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
326

३. साईकल– दुई थान
४. कम्प्यूटर– एक थान
५. मसलन्द तथा अतिथि सत्कारको लागि मासिक चार हजार रूपैयाँ ।

(ग) मन्त्रीः–

१. देवनागरी टाईपराइटर– एक थान
२. अंग्रेजी टाईपराइटर– एक थान
३. साईकल– दुई थान
४. मसलन्द तथा अतिथि सत्कारको लागि मासिक तीन हजार पाँचसय ।

(घ) राज्यमन्त्रीः–

१. देवनागरी टाईपराइटर– एक थान
२. अंग्रेजी टाईपराइटर– एक थान
३. साईकल– एक थान
४. मसलन्द तथा अतिथि सत्कारको लागि मासिक तीन हजार रूपैयाँ ।

(ङ) सहायक मन्त्रीः–

१. देवनागरी टाईपराइटर– एक थान
२. अंग्रेजी टाईपराइटर– एक थान
३. साईकल– एक थान
४. मसलन्द तथा अतिथि सत्कारको लागि मासिक दुई हजार पाँचसय रूपैयाँ ।

(४) उप-नियम (३) बमोजिम पाएका सामानहरू मन्त्रीहरूले आफ्ना कार्यकाल समाप्त भएपछि फिर्ता बुझाउनु पर्नेछ ।

(५) मसलन्द तथा अतिथि सत्कारको लागि खर्च भएको रकमको बिल भरपाई बुझाउनु पर्ने छैन ।

६. अंगरक्षक र गार्डको सुविधाः–

देहायका मन्त्रीहरूलाई देहाय बमोजिम अंगरक्षक र गार्डको सुविधा दिइनेछः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३२८